आज मिति २०७६ साल पौष २७ गते आईतवारको दिन दिउँसो २:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षता र जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख श्री मन बहादुर रावलको समुपस्थितिमा नगर कार्यपालिकाको वैठक बसी निम्न बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री मन बहादुर रावल | जि.स.स. प्रमुख | | प्रमुख अथिति |
| ३. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | — | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | — | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री ~~तेज~~ नरेन्द्र बहादुर शाही | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १८. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| २०. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २१. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २२. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | — | |
| २३. | श्री तिले बादी | नगर का.पा. सदस्य | — | |
| २४. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २५. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७६।०९।२७ गतेको वैठकका निर्णय

## प्रस्तावहरु

१. सञ्चित कोषको रकम धरौटी खातामा रकमान्तर सम्वन्धमा ।

२. नगरपालिकाको प्रशासकीय भवन निर्माण सम्वन्धमा ।

३. आर्थिक सहायता सम्वन्धमा ।

४. घरभाडामा लिई कार्यालय सञ्चालन गर्ने सम्वन्धमा ।

५. आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि कर्मचारीको विज्ञापन गर्ने सम्वन्धमा ।

६. जनता आवास कार्यक्रम सम्वन्धमा ।

७. वडा कार्यालयको भवन निर्माण सम्वन्धमा ।

८. काठेपुलको लागि रकमान्तर सम्वन्धमा ।

९. राष्ट्रिय योजना आयोगमा पठाउने आयोजनाको विवरण सम्वन्धमा ।

१०. प्रशासकीय भवन निर्माणको लागि बजेट माग गर्ने सम्वन्धमा ।

११. मालपोत कार्यालय जाजरकोटको लागि बजेट विनियोजन सम्वन्धमा ।

१२. नलगाड नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ सम्वन्धमा ।

## नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १:** यस नलगाड नगरपालिकाको मिति २०७६।०८।०८ गते प्रकाशित वडा स्तरिय आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण सम्वन्धी सुचना अनुसार यस नलगाड नगरपालिकामा वोलपत्र पेशको लागि सरस्वती निर्माण सेवाले जम्मा गर्नुपर्ने धरौटी रकम रु. १,१७,०००।० अक्षरुपी एकलाख सत्र हजार मात्र यस नलगाड नगरपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेमा भुलवस उक्त रकम नलगाड नगरपालिकाको सञ्चितकोष खातामा दाखिला गरेकोले उक्त रकम धरौटी खातामा रकमान्तर गरी सम्वन्धित निर्माण व्यवसायीलाई धरौटी वापत फिर्ता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २ :** कर्णाली प्रदेश सरकार (आर्थिक मामिला तथा योजना मन्त्रालय) बाट आर्थिक बर्ष २०७६।७७ समपुरक अनुदान वापत प्राप्त नलगाड नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माण

योजनालाई २ वर्षे आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरि नलगाड नगरपालिकाबाट आर्थिक वर्ष २०७६।७७ मा उपभोक्ता समितिबाट भुईतल्ला निर्माण भएकोमा बाँकी तीन तल्ला भवन निर्माणको लागि आर्थिक वर्ष २०७७।७८ को बार्षिक बजेटबाट रु. ८०,००,०००।० अक्षरुपी असी लाख रकम विनियोजन गर्ने गरी वोलपत्रको माध्यामबाट योजना गर्ने कार्यान्वयन सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | कर्णाली प्रदेश आ.व. २०७६।७७ | नलगाड नगरपालिका आ.व. २०७७।७८ | जम्मा रु. |
|---|---|---|---|---|
| १. | नलगाड नगर कार्यपालिकाको प्रशासकीय भवन निर्माण योजना | ८०,००,००० | ८०,००,००० | १,६०,००,००० |

**निर्णय नं. ३ :** नलगाड नगरपालिकाको आकष्मिक कोषबाट नलगाड नगरपालिका वडा नं. ४ मा कार्यरत कार्यालय सहयोगी शारदा रावललाई तपशिल बमोजिम आर्थिक सहायता वापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | व्यक्तिहरुको नामथर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | का.स. श्री शारदा रावल | नलगाड न.पा. ४ जाजरकोट | २०,००० | |
| जम्मा रु. | | | २०,००० | |

**निर्णय नं. ४:** नलगाड नगरपालिकाको वडा नं. १, ५, ६, ८, ९, १० र १२ मा सञ्चालन हुने आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण नभए सम्मको लागि तोकिएका वडाको पायक पर्ने स्थानमा घर भाडामा लिई कार्यालय सञ्चालन गर्ने र कार्यालयको सञ्चालनको लागि आवश्यक पर्ने फर्निचर तथा औषधीजन्य सामानहरु सशर्त अनुदान बजेटबाट खरिद गरी कार्य प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** नलगाड नगरपालिकाको वडा नं. १, ५, ६, ८, ९, १० र १२ मा सञ्चालन हुने आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने तपशिल बमोजिमको स्वास्थ्य कर्मी तथा

कर्मचारीको विज्ञापन गरी कार्य प्रक्रिया अगाडी बढाई तपशिल बमोजिम मासिक तलवभत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | पद | संख्या | मासिक तलव | कैफियत |
|---|---|---|---|---|
| १. | अ.हे.व. | ७ | १८००० | |
| २. | अ.न.मी. | ७ | १८००० | |
| ३. | कार्यालय सहयोगी | ७ | १२००० | |

**निर्णय नं. ६:** यस नलगाड नगरपालिकामा सञ्चालन हुने जनता आवास कार्यक्रम वडा नं. १, ५ र ७ मा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** नलगाड नगरपालिका वडा नं. १, २, ३, ४, ५, ६, ८ र १२ मा आर्थिक वर्ष २०७६।७७ को नगरसभाबाट स्वीकृत वडा कार्यालयको भवन निर्माण योजनाहरुलाई आर्थिक वर्ष २०७७।७८ मा समेत बजेट विनियोजन गर्ने गरी २ वर्षे योजनाको रुपमा कार्य प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** नलगाड नगरपालिका अर्न्तगत तपशिलका आयोजनाको लागि तपशिलको योजनाबाट बजेट विनियोजन गरी कार्य प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | स्थान | श्रोत | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | नलगाड काठेपुल निर्माण योजना | वडा नं. ५ र ७ | समपुरक रकम | ४००००० | |
| २. | स्वास्थ्य शौचालय निर्माण योजना | वडा नं. २ | नमुना बस्ती कार्यक्रम | ४००००० | |

**निर्णय नं. ९:** यस नलगाड नगरपालिकाबाट आर्थिक वर्ष २०७७।७८ को लागि तपशिल बमोजिमको आयोजनाहरु समपुरक अनुदान र विशेष अनुदानमा छनौट गरी राष्टिय योजना आयोगमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

समपुरक अनुदान

| क्र.स. | आयोजनाको नाम | स्थान | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | वडा कार्यालय भवन निर्माण | वडा नं. ३ | १००००००० | |
| २. | वडा कार्यालय भवन निर्माण | वडा नं. ४ | १००००००० | |
| ३. | वडा कार्यालय भवन निर्माण | वडा नं. ६ | १००००००० | |
| ४. | वडा कार्यालय भवन निर्माण | वडा नं. २ | १००००००० | |
| ५. | मन्नै जिकुवा बारेकोट जोड्ने सडक | वडा नं. ८ | १००००००० | |

विशेष अनुदान

| क्र.स. | आयोजनाको नाम | स्थान | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | सरस्वती प्रा.वि. भवन निर्माण | वडा नं. ५ | १००००००० | |
| २. | वडा कार्यालय भवन निर्माण | वडा नं. ७ | १००००००० | |
| ३. | वडा कार्यालय भवन निर्माण | वडा नं. ९ | १००००००० | |
| ४. | चौखा सिचाई आयोजना | वडा नं. ११ | ३००००००० | |
| ५. | सिस्नेरी ट्रस पुल निर्माण | वडा नं. १ | १००००००० | |

निर्णय नं. १०: यस नलगाड नगरपालिकाको प्रशासकीय भवन निर्माणमा आवश्यक पर्ने बजेट विनियोजनको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अर्न्तगत स्थानीय पूर्वाधार विकासमा माग सहित अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ११: मालपोत कार्यालय जाजरकोटको पत्रानुसार सूचना प्रविधि व्यवस्थापनको लागि आवश्यक पर्ने बजेट विनियोजनको लागि नगरपालिकामा माग गरेकोमा उक्त कार्यालयको लागि रु. ७५,०००।० अक्षरुपी पचहत्तर हजार मात्र बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १२: नलगाड नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ को उपदफा ४, ५ र ६ (प्रथम पटक) संसोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।